नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# शम्भुनाथ नगरपालिका कार्यालय

मोहनपुर, सप्तरी

## सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०७३।११।२३)

यस कार्यालयबाट तपसिल बमोजिमको निर्माण कार्य बोलपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत पत्र प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न सर्तहरुको अधिनमा रही रित पूर्वकको बोलपत्र आह्वान गरिएको छ।

१. बोलपत्रको सूचना प्रकाशित भएको मितिले ३२ दिन (२०७३/१२/२४) भित्र रु. १,५००।- दस्तुर (फिर्ता नहुने गरि) बुझाई अध्यावधिक इजाजत पत्र तथा मू.अ.कर र स्थायी लेखा नम्बर दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी निवेदन दिई यस शम्भुनाथ नगरपालिका कार्यालय, मोहनपुर सप्तरीबाट कार्यालय समयभित्र खरिद गर्न सकिने छ।

२. खरिद भएको बोलपत्र प्रष्टसँग भरि निर्माण व्यवसायीले प्रत्येक पानामा सही छाँप गरि, सिलबन्दी गरि, खाम बाहिर फर्मको नाम, ठेगाना र कामको नाम प्रष्टसँग लेखी २०७३/१२/२५ सम्म यस शम्भुनाथ नगरपालिका कार्यालय, मोहनपुर सप्तरीमा दिनको १२:०० बजेसम्ममा दर्ता गराउनु पर्नेछ। म्याद सकिएपछि प्राप्त हुने बोलपत्र स्वीकार गरिने छैन । दर्ता भएका बोलपत्रहरु सोही मिति २०७३/१२/२५ दिनको २:०० बजे उपस्थित बोलपत्रदाताहरु तथा प्रतिनिधिहरुको रोहवरमा यस शम्भुनाथ नगरपालिका कार्यालय, मोहनपुर सप्तरीमा खोलिने छ । बोलपत्रदाताहरु वा प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. एक फर्म वा संस्थाको नाममा खरिद भएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन।

४. बोलपत्र ९० दिनसम्मको लागि मान्य हुनेछ । बोलपत्रसाथ बिडबण्ड वापतको धरौटी रकम तपसिलमा उल्लेख भए बमोजिम बैंक जमानत वा शम्भुनाथ नगरपालिका कार्यालय ,मोहनपुर सप्तरी (राष्ट्रिय बाणिज्य बैंक, राजविराज) को धरौटी हि.नं. २१८०३०३००३००४ (शम्भुनाथ नगरपालिका कार्यालय, मोहनपुर सप्तरीको कोड १५-३६५-०४) मा जम्मा गरेको भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा बाणिज्य बैंकबाट जारी गरिएको बिडबण्ड (बोलपत्र मान्य हुने अवधिभन्दा ३० दिन बढी मान्य अवधि भएको) पेश गर्नु पर्नेछ।

५. बोलपत्र सर्त रहित कार्यालयले उपलब्ध गराएको डकुमेण्टमा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ। केरमेट भएको ठाउँमा अधिकार प्राप्त व्यक्तिको सहि छाँप हुनु पर्नेछ। रित नपुगेको र सूचनाका सर्त बिपरित भएको बोलपत्र माथि कारवाही हुने छैन।

६. बोलपत्रदाताले BOQ को अंक र अक्षरमा दुवै महलमा अनिवार्य रुपमा दररेट (मु.अ.कर बाहेक) उल्लेख गर्नुपर्नेछ। अक्षर र अंक फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ।

७. बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट वा बिदा पछि कार्यालय खुलेको दिन तोकेको समयमा नै हुनेछ।

८. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ।

९. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१०. प्रचलित नियमानुसार रित नपुगेको र यस सूचना एवं बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित सर्तहरु पुरा नभएको बोलपत्रमा कारवाही गरिने छैन।

११. संयुक्त उपक्रमको माध्यमबाट काम गर्ने निर्माण व्यवसायीले संयुक्त लगानी सम्बन्धी सम्झौता पत्र पेश गर्नुपर्नेछ। मुख्य साझेदारीको कम्तीमा ४० प्रतिशत र अन्य साझेदारको २५ प्रतिशत शेयर हुनुपर्नेछ र बढीमा तीनवटा फर्मले संयुक्त उपक्रममा भाग लिन सक्नेछन्।

१२. कामको गुणस्तर (Quality of Work) निर्माण सम्बन्धी स्वीकृत स्पेशिफिकेशन अनुसार गर्नुपर्ने छ।

१३. बोलपत्रदाताले E-Procurement मार्फत https://bolpatra.gov.np/ppmo/ मा गई बोलपत्र Tender Download गरि बोलपत्र प्रस्ताव पेश तथा दर्ता गर्न सकिनेछ।

१४. बोलपत्रदाताले E-Procurement मार्फत बोलपत्र खरिद गर्दा (Shambhunath municipality Office, Mohanpur Saptari Code Number 15-365-04, Rastriya Banijay Bank, Rajbiraj, Saptari को च.हि.नं.2180304034304 खातामा बोलपत्र खरिद वापतको दस्तुर जम्मा गर्नु पर्नेछ र सो जम्मा गरेको भौचर अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

१५. बोलपत्र फारम र यस सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै सूचना अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली (संशोधन सहित) बमोजिम हुनेछ।

तपसिल

| ठेक्का नं. | कामको विवरण | बिडबण्ड जमानत रकम रु. | लागत अनुमान (भ्याट र कन्टिन्जेन्सी बाहेक) | कार्य सम्पन्न गर्ने अबधि |
|---|---|---|---|---|
| 001/T/2073/074 | R.C.C सडक, नाला र बृक्षारोपण कार्य कठौना हटिया | २,१०,०००।- | ८४,७४,६३९।९५ | २०७४।०३।१५ |

..........................

**कार्यकारी अधिकृत**